"समृद्ध छथर निर्माणको आधार, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पुर्वाधार"

# छथर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### शुक्रबारे, तेह्रथुम

कोशी प्रदेश, नेपाल

फोन नं ०२६-४२००९९

## सम्पत्ति तथा जिन्सी मालसामानको लिलाम बढाबढको सूचना

**सूचना नं. :- ९२-०८०/०८१**

**तेश्रो पटक प्रकाशित मितिः-२०८१।०१।३०**

यस पालिका अन्तर्गतको छथर अस्पतालमा रहेका तपसिल बमोजिमका सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले प्रथम पटक प्रकाशित भएको मितिले ४ (चार) दिनभित्र (मिति २०८१।०२।०२) लिलाम बिक्रीको कायम न्यूनतम मूल्यको पाँच प्रतिशतले हुने रु ५,१६०।- नगद धरौटी सहित निवेदन दिनुहुन यो लिलाम बढाबढ आह्वान गरिएको छ ।

(१) लिलाम बिक्री गर्ने सम्पत्ति तथा मालसामनको विवरणः-

| क्र. सं. | लिलाम हुने सम्पत्ति तथा जिन्सी मालसामान | सुरु खरिद मिति | ब्राण्ड | स्पेसिफिकेशन | न्यूनतम मूल्य |
|---|---|---|---|---|---|
| १ | पुरानो सादा जस्तापाता (८ बन्डल) | २०५० साल | हुलास | २६ एम एम मोटाई | १९,७५४।- |
| २ | पुरानो कडा काठ (३०.९७ घन मिटर) | २०५० साल | स्थानीय काठ | काठका तख्ता तथा बटम | ८३,४७६।- |
| जम्मा न्यूनतम मूल्य | | | | | १,०३,२३०।- |

(२) लिलाम बढाबढ हुने स्थान, समय र मिति

(क) स्थानः- छथर अस्पताल, शुक्रबारे, तेह्रथुम ।

(ख) मितिः- २०८१।०२।०२ गते बुधबार ।

(ग) समयः- दिउसो ठिक १२ बजे ।

(३) लिलाम बढाबढ यस कार्यालयले तोकेको न्यूनतम लिलाम बिक्री मूल्यबाटै सुरु हुनेछ ।

(४) लिलाम सकार गर्न डाँक बोल्नु अघिनै न्यूनतम मूल्य रु १,०३,२३०।- को ५ प्रतिशतले हुने ५,१६०।- नगद धरौटी राख्नुपर्नेछ ।

(५) प्रत्येक पटक डाँक बोल्न चाहने व्यक्तिबाट डाँक बढ्दै गएमा सोही अनुपातमा थप मूल्यमा पाँच प्रतिशतले हुने गरी नगद धरौटी बुझाउँदै जानु पर्नेछ ।

(६) लिलाम बढाबढ हुने सम्पत्ति तथा मालसामान हेर्न चाहने व्यक्ति वा संस्थाले कार्यालय समय ११ बजेदेखी २ बजेसम्म अस्पतालमा सम्पर्क गर्नुपर्नेछ ।

(७) लिलाम सकार गरेको सम्पत्ति तथा जिन्सी मालसामान सम्झौता भएको मितिले ५ दिनभित्र उठाई लैजानु पर्ने छ ।

(८) लिलाम बढाबढ हुने दिन सार्वजनिक बिदा पर्न गएमा सो लगत्तै खुलेको अर्को दिन तोकिएको स्थान र समयमा लिलाम बढाबढ हुनेछ ।

गुणराज वानियाँ
निमित्त प्रमुख प्रशासकीय अधिकृत